सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.स. २०८१।०८२
च.न.

## डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन होर्डिङ्ग बोर्ड, घर सटरभित्ता एवं व्यवसाय स्थलमा राखिएका फुटकर, विज्ञापनहरुको विज्ञापन कर संकलन बारे ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना।

(प्रथम पटक प्रकाशन मिति - २०८१/०४/१४)

ने.सं. ११४४ दिल्लाथा ९, सोमबार

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, प्युठानले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (सशोधित समेत) को दफा ५ को (घ) मा विज्ञापनको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने अधिकार दिएको छ । लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ ले समेत विज्ञापन करको दर तोक्ने तथा उठाउने अधिकार स्थानीय तहलाई दिएको छ । उक्त कार्यका लागि सरुमारानी गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा २४ को अनुसूची-२३ मा उल्लेख भएको दररेट तथा सरुमारानी गाउँ कार्यपालिकाको मिति २०८१।०३।२२ गतेको निर्णय बमोजिम सरुमारानी गाउँपालिकाको क्षेत्र भित्र रहेका डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन होर्डिङ्ग बोर्ड तथा बिद्युतीय प्रचार सामाग्री सम्बन्धी विज्ञापन कर संकलनको कार्य, शिलबन्दी प्रस्तावको माध्यमबाट ठेक्का बन्दोबस्त गर्न रीतपूर्वक १५ (पन्ध्र) दिने शिलबन्दी प्रस्ताव आह्वान गरिएको छ ।योग्यतापुगेका ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले देहाय बमोजिमका शर्तहरुका अधिनमा रही तोकिएको मिति र समयभित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपिशलः-

| ठेक्का न | विवरण | न्यूनतम ठेक्का मूल्य (मू.अ.कर समेत) | प्रस्ताव फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| SRM/SQ/IR-02/081/82 | विज्ञापन कर | ५०,०००.०० | १०००.०० | |

१. इच्छुक प्रस्तावदाताले व्यक्ति भए नागरिक्ताको प्रतिलिपी तथा फर्म/व्यवसायको हकमा प्रचलित कानून वमोजिम दर्ता भएको वा इजाजत प्राप्त फर्म वा सस्थाले फर्म वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७९/०८० को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०८०/०८१ सम्मको फर्म नविकरण प्रमाणपत्र प्रतिलिपी, नेपाली नगरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशन भएको १५ औं दिनको (मितिः२०८१।०४।२८ गते) कार्यालय समयसम्म प्रस्ताव फारम खरिद गर्नु पर्ने छ ।

देवीराम ...
प्रमुख प्रशासकीय अधिकृत

## सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.स. २०८१।०८२
च.न.

२. यस सूचना प्रकाशन भएको मितिले १६ औं दिन (मिति २०८१।०४।२९) को १२.०० बजे भित्र यस कार्यालयवाट खरिद गरिएको प्रस्ताव फारम भरी, कार्यालयले प्रमाणित गरेको सक्कल प्रस्ताव फारममा आफुले उक्त कार्य के कति रकममा गर्न सक्ने हो स्पष्ट खुलाई शिलवन्दी प्रस्ताव पेश गर्नुपर्नेछ । कार्यालयमा पेश भएका उक्त प्रस्तावहरु सोही दिनको २.०० बजे पछि वोलपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।

३. प्रस्ताव फारम खरिद बापतको रकम यस कार्यालयको प्राईम कमर्शियल बैंक सरुमारानी शाखामा रहेको GA 1.1 SARUMARANI ANTARIK RAJASWA KHATA 06801000000038500117 खातामा जम्मा गरेको कारोबार संकेत नं. सहितको सक्कलै भौचर अथवा https://sutrarevenue.fcgo.gov.np (स्थानीय राजश्व पोर्टल) मार्फत अनलाइन भुक्तानी गरेको भौचर प्रस्ताव फारम संग संलग्न गरी पेश गर्नुपर्नेछ।

४. आय ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण यस कार्यालयबाट उपलब्ध गराईने प्रस्ताव फारममा उल्लेख गरिएको छ । वोलपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नुपर्नेछ । थप जानकारीको लागि कार्यालयको वेवसाइट https://sarumaranimun.gov.np/ र फोन नं. ९८४७८२०४९१ मा सम्पर्क गर्न सकिनेछ ।

...........
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत